नेपाल सरकार
अर्थमन्त्रालय
सिंहदरबार, काठमाडौं

**चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२।१२।१२)

यस मन्त्रालयको परिसरमा मन्त्रालयका कर्मचारी एवं काम-विशेषले मन्त्रालयमा आउने व्यक्तिहरु स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधीनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा चमेना गृह सञ्चालन गर्न अनुमति पाएको ईच्छुक फर्मले खाजा/खानाको परिकार र इकाई अनुसारको वस्तु तथा सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल :**

१. सामान्यतया चमेनागृह विहान ७:०० बजे देखि बेलुका ७:०० बजेसम्म सञ्चालन गर्नुपर्नेछ । चमेनागृह सञ्चालन सम्झौताको अवधि दुई वर्षको हुनेछ ।

२. चमेनागृह भवन प्रयोग गरे वापत मासिक रुपमा रु ८,५००/(अक्षरेपी आठ हजार पाँच सय रुपैया मात्र।)- शुल्क/भाडा तिर्नु पर्ने छ।

३. सरसफाईजन्य पानी मन्त्रालयले निःशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ ।

४. चमेनागृहका लागि छुट्टै विद्युत् मिटर जडान हुने र उक्त मिटरमा उठेको महसुल भुक्तानी दायित्व चमेनागृह सञ्चालकको हुनेछ ।

५. चमेनागृहका लागि आवश्यक पर्ने फर्निचर(कुर्सी, टेबल आदि) चुलो, भाडावर्तन, रेफ्रिजेरेटर आदिको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्ने छ ।

६. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा सम्झौता बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत मन्त्रालयले सम्झौताका शर्त अनुसार आवश्यक कारवाही गर्न सक्ने छ।

७. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी भएको "खाद्य स्वच्छताको आधारमा होटल रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४" को व्यवस्थाअनुरुप चमेनागृह सञ्चालन हुनु पर्नेछ। चमेनागृह सञ्चालन गर्दा सिर्जित फोहरजन्य पदार्थको सुरक्षित तरिकाले सञ्चालकले नै व्यवस्थापन गर्नुपर्नेछ।

८. सिलबन्दी दरभाउपत्र फर्म दर्ता प्रमाणपत्र, व्यवसाय सञ्चालन इजाजत पत्र , VAT दर्ता प्रमाणपत्र र आ.ब. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र संलग्न गर्नुपर्ने छ ।

९. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु.१०००।— कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवारमा रहेको खाता नं. १०००१००२०००१०००० कार्यालय कोड ३०५००३५०१ राजस्व शिर्षक १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरेपछि प्राप्त हुनेछ । सिलबन्दी दरभाउपत्र जमानत वापतको रकम रु १,००,०००।-(एक लाख मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १९६०१००१०२०३०००० कार्यालय कोड ३०५००३५०१ धरौटी मा रकम जम्मा गरेको सक्कलै भौचर वा कम्तीमा ७५ दिन मान्य अवधिको वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको शर्त रहितको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र फाराम मन्त्रालयको प्रशासन महाशाखाबाट मिति २०८२।१२।२६ गते सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

१०. शिलबन्दी दरभाउपत्र भर्नुपर्ने अन्तिम मितिः २०८२।१२।२७ गते १२:०० बजेसम्म यस मन्त्रालयमा दर्ता भई सक्नु पर्नेछ।

११. शिलबन्दी दरभाउपत्र पेश गर्नुपूर्वको बैठक (Pre-Bid Meeting): मिति २०८२ साल चैत २२ गते १३:०० बजे हुनेछ।

१२. शिलबन्दी दरभाउ पत्र खोल्ने मितिः२०८२/१२/२७ गते दिनको १४:०० बजे मन्त्रालयको कर्मचारी प्रतिनिधि र दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा अर्थ मन्त्रालयमा खोलिने छ। बोपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समयमा खोलिनेछ।